गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- ४८९

मिति :- २०८२/०७/१४

श्री राष्ट्रिय सूचना आयोग, काठमाडौ ।
श्री जिल्ला प्रशासन कार्यालय, मन्थली रामेछाप ।
श्री जिल्ला हुलाक कार्यालय, मन्थली रामेछाप ।

**बिषय : सूचनाको हक सम्बन्धि सार्वजनिक सूचना विवरण पठाईएको बारे ।**

प्रस्तुत बिषयमा यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मिति २०८२/०४/०१ देखि २०८२ असोज सम्म सम्पादन गरेको काम कारवाही अनुसारको विवरण सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरी सोको विवरण यसै पत्र साथ संलग्न राखि जानकारी पठाईएको व्यहोरा अनुरोध छ ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०७/१४

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) / सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८२/०४/०१ देखि २०८२ असोज सम्मको विवरण)

१. गाउँपालिकाको स्वरूप र प्रकृति :

गोकुलगंगा गाउँपालिका बि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भई बिभिन्न समयमा जारी भएका कानून बमोजिम तोकिएको कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रबाह गर्दै आएको छ । नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा अवस्थित गाउँपालिका हो ।

२. गाउँपालिकाको काम, कर्तव्य र अधिकार :

यस गाउँपालिका नेपालको संबिधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

३. गाउँपालिकामा रहने कर्मचारी विवरण :

यस गाउँपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या कर्मचारीहरुको सेवा समुह तह समेतको बिस्तृत विवरण र गाउँपालिकाको संगठन संरचना समेत गाउँ सभाबाट स्वीकृत भए बमोजिम काम कारबाही भईरहेको छ । कार्यरत पदाधिकारी एबं कर्मचारीहरुको विवरण यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत राखिएको छ ।

४. गाउँपालिकाबाट प्रदान गरिने सेवा :

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एबं यस गाउँपालिकाको स्थानीय कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा प्रवाह तथा सुबिधाहरु प्रदान गरिएको छ ।



**Website :** www.gokulgangamun.gov.np | **Email :** info@gokulgangamun.gov.np | **Phone No. :** 9854043640

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस गाउँपालिकाबाट सेवा सुबिधा प्रबाह गर्न बिषयगत शाखाहरु, ६ वटा वडा कार्यालयहरु, ६ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वस्थ केन्द्र, १ वटा अस्पताल रहेका छन । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, गुनासो सुनुवाई अधिकारी, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण गाउँपालिकाको www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

यस गाउँपालिकाले प्रदान गर्ने बिभिन्न प्रकारको सेवा सुबिधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी बिबरण गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम, बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, सार्वजनिक सेवा वडापत्र समेतबाट निर्धारण गरिएको छ । यस सम्बन्धी व्यवस्था गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस गाउँपालिकाको गाउँ सभा, गाउँ कार्यपालिकाको बैठक, संघिय, बागमती प्रदेश कानुन र स्थानीय (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त गाउँ सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पस्ट तोकिएको छ । गाउँपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, बिषयगत समिति तथा अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

८. गुनासो सुन्ने अधिकारी/निर्णय उपर उजुरी सुन्ने अधिकारी :

यस गाउँपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाउँपालिकाको शिक्षा अधिकृत श्री नरेन्द्र सिंह भण्डारीलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा(प्रचलित कानूनले व्यवस्था गरे बमोजिम अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) ।

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०७/१४

९. सम्पादन गरेको कामको विवरण :

यस गाउँपालिकाले नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, बागमती प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने कार्यहरु गर्दै आईरहेको छ । सोको अलवा बिशेष कार्यहरु निम्नानुसार रहेका छन् ।

**१. पुर्बाधार विकास तर्फ :**

आ.ब.२०८२/०८३ को असोज मसान्त सम्म गाउँपालिकाबाट स्वीकृत भएका आयोजनाहरुको हाल सम्म तिन वटा आयोजनाको सम्झौता गरि एक ओटा आयोजनाको निर्माण कार्य सम्पन्न गरि भुक्तानी भएको र बाँकी आयोजनाहरुको उपभोक्ता समिति गठन गर्ने कार्य अन्तिम चरणमा पुगेको र सम्झौता को तयारीमा रहेको छ ।

**तपसिल अनुसारका आयोजना तथा कार्यक्रमहरुको ठेक्का आहान गरिएको छ ।**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम |
|---|---|
| १ | ICT कार्यक्रम |
| २ | खहरे कालीमाटी नामाडी नागि काँडे सडक स्तरोन्नति |
| ३ | गर्जाङ्ग धौले चाके कोस्याङ्गखर्क जट्टापोखरी सडक स्तरोन्नति |
| ४ | ठोसे टगम बिगु देउराली सडक स्तरोन्नति |
| ५ | लिसेखानी बेताली बन्चरे नामाडी फेदी सडक स्तरोन्नति |
| ६ | औषधी, सर्जिकल तथा आवश्यक औजार उपकरण खरिद |
| ७ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद |
| ८ | औषधी तथा उपकरण खरिद |

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०७/१४

## २. आर्थिक विकास तर्फ :

गोकुलगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
कार्यालयको कोड : ८०३२४५०३३००

**आय व्ययको बिवरण**

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०५/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३१,९८,००,०००.०० | ७,७९,२५,०००.०० | २४.३७ | २४,१८,७५,०००.०० |
| १३३११ समानिकरण अनुदान | ११,७३,००,०००.०० | २,९३,२५,०००.०० | २५ | ८,७९,७५,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १९,०२,००,०००.०० | ४,७४,७५,०००.०० | २४.९६ | १४,२७,२५,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४५,००,०००.०० | ११,२५,०००.०० | २५ | ३३,७५,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७८,००,०००.०० | ०.०० | ० | ७८,००,०००.०० |
| प्रदेश सरकार | ६,७७,१३,०००.०० | ७५,०३,२५०.०० | ११.०८ | ६,०२,०९,७५०.०० |
| १३३११ समानिकरण अनुदान | १,२२,४३,०००.०० | ३०,६०,७५०.०० | २५ | ९१,८२,२५०.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,५२,७०,०००.०० | ३८,१७,५००.०० | २५ | १,१४,५२,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २५,००,०००.०० | ६,२५,०००.०० | २५ | १८,७५,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ६५,००,०००.०० | ०.०० | ० | ६५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३,१२,००,०००.०० | ०.०० | ० | ३,१२,००,०००.०० |
| राजस्व बाडफाड | १३,७९,९५,४७२.०० | ९२,७१,९४५.८२ | ६.७६ | १२,७९,२३,५२६.१८ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,८३,९६,६०४.०० | ४८,३६,२९५.७९ | ७.०७ | ६,३५,६०,३०८.२१ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २,२७,९८,८६८.०० | १६,३८,५८२.७६ | ७.१९ | २,११,६०,२८५.२४ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने | ३,२५,००,०००.०० | २७,९७,०६७.२७ | ८.६१ | २,९७,०२,९३२.७३ |

**व्यय**

| शीर्षक | वार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ३९,१२,९४,०१७.०० | १,२२,००,६५४.३९ | ३.१२ | ३७,९०,९३,३६२.६१ |
| २११११ पारिश्रमिक कर्मचारी | २०,४८,६९,०१७.०० | ६९,३४,९०६.३९ | ३.३९ | १९,७९,३४,११०.६१ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| २११२१ पोशाक | १०,४०,०००.०० | ०.०० | ० | १०,४०,०००.०० |
| २११३१ स्थानीय भत्ता | १५,००,०००.०० | १,४१,४४०.०० | ९.४३ | १३,५८,५६०.०० |
| २११३२ महंगी भत्ता | १०,००,०००.०० | २,००,०००.०० | २० | ८,००,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ८,३५,०००.०० | ०.०० | ० | ८,३५,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २११३९ अन्य भत्ता | २७,४५,०००.०० | ०.०० | ० | २७,४५,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २,८०,०००.०० | ०.०० | ० | २,८०,०००.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ४२,०००.०० | ०.०० | ० | ४२,०००.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२११२ संचार महसुल | ६,७५,०००.०० | १,२००.०० | ०.१८ | ६,७३,८००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १०,००,०००.०० | ३०,०००.०० | ३ | ९,७०,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५,००,०००.०० | २,६६,९७७.०० | १०.६८ | २२,३३,०२३.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ६७,००,०००.०० | १,१७,७८५.०० | १.७६ | ६५,८२,२१५.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०,००,०००.०० | १८,२३५.०० | १.८२ | ९,८१,७६५.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५१,७०,०००.०० | ३८,३५०.०० | ०.७४ | ५१,३१,६५०.०० |

विनोद राज खनाल
लेखा अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार हाम्रो गाउँपालिका निर्माणको आधार"

**Website :** www.gokulgangamun.gov.np | **Email :** info@gokulgangamun.gov.np | **Phone No. :** 9854043640

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०७/१४

## गोकुलगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
कार्यालयको कोड : ८०३२४५०३३००

### आय व्ययको बिवरण

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०५/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| सवारी साधन कर | | | | |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १,२०,००,०००.०० | ०.०० | ० | १,२०,००,०००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| अन्तरिक श्रोत | ४,६१,८५,५४५.०० | ५०,००,०००.०० | १०.८३ | ४,११,८५,५४५.०० |
| ११३१४ भुमिकर/ मालपोत | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ११३१७ वहाल कर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ११३१८ वहाल विटौरी कर | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४२१८ विद्युत सेवा शुल्क | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२६३ जलस्रोत | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २०,००,०००.०० | २,६४,९८५.०० | १३.२५ | १७,३५,०१५.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२,५०,०००.०० | ०.०० | ० | २२,५०,०००.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ६८,५०,०००.०० | ९,००,०००.०० | १३.१४ | ५९,५०,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | १६,००,०००.०० | ०.०० | ० | १६,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | २,१०,००,०००.०० | २७,६१,३१२.०० | १३.१५ | १,८२,३८,६८८.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ६,९९,०००.०० | ०.०० | ० | ६,९९,०००.०० |
| २२४१९ अन्य सेवा शुल्क | ११,३०,०००.०० | ०.०० | ० | ११,३०,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,५०,०००.०० | ०.०० | ० | ५,५०,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५९,४१,०००.०० | ६५,८०४.०० | १.११ | ५८,७५,१९६.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ३,१२,६७,०००.०० | ४३,०२०.०० | ०.१४ | ३,१२,२३,९८०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १,८३,१०,०००.०० | ०.०० | ० | १,८३,१०,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ११,५०,०००.०० | ०.०० | ० | ११,५०,०००.०० |
| २२६१२ भ्रमण खर्च | २४,४०,०००.०० | १,१२,९१०.०० | ४.६३ | २३,२७,०९०.०० |
| २२७११ विविध खर्च | ५१,००,०००.०० | ८,९३०.०० | ०.१८ | ५०,९१,०७०.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २,०२,९६,०००.०० | ०.०० | ० | २,०२,९६,०००.०० |

विनोद राज खनाल
लेखा अधिकृत

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु रामेछाप

बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८२/०७/१४

गोकुलगङ्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप

कार्यालयको कोड : ८०३२४५०३३००

आय व्ययको बिवरण

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०५/३१

| आय | | | | |
|---|---|---|---|---|
| सम्बन्धी अन्य दस्तुर | | | | |
| ३२१२२ बैंक मौज्दात | ४,११,३५,५४५.०० | ५०,००,०००.०० | १२.१५ | ३,६१,३५,५४५.०० |
| जम्मा | ५७,०८,९४,०१७.०० | ९,९७,००,११५.८२ | १७.४६ | ४७,११,९३,८२१.१८ |

| व्यय | | | | |
|---|---|---|---|---|
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहाय्यता | ४,७३,०००.०० | ०.०० | ० | ४,७३,०००.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २५३१५ अन्य सस्था सहायता | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १,३७,३३,०००.०० | ०.०० | ० | १,३७,३३,०००.०० |
| २७२११ छात्रवृत्ति | ६,३२,०००.०० | ०.०० | ० | ६,३२,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४२,३७,०००.०० | ०.०० | ० | ४२,३७,०००.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | २,९४,८००.०० | २९.४८ | ७,०५,२००.०० |
| २८२११ राजस्व फिर्ता | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| पूंजीगत | १७,९६,००,०००.०० | ०.०० | ० | १७,९६,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | २,६२,००,०००.०० | ०.०० | ० | २,६२,००,०००.०० |
| ३११२१ सवारी साधन | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | २१,५०,०००.०० | ०.०० | ० | २१,५०,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ९,९२,५०,०००.०० | ०.०० | ० | ९,९२,५०,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४४,५०,०००.०० | ०.०० | ० | ४४,५०,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ८४,५०,०००.०० | ०.०० | ० | ८४,५०,०००.०० |
| ३११५७ वन तथा | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |

विनोद राज खनाल
लेखा अधिकृत

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु रामेछाप

बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८२/०७/१४

गोकुलगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
कार्यालयको कोड : ८०३२४५०३३००

आय व्ययको बिबरण

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०५/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | वातावरण संरक्षण | | | | |
| | ३११५८ सरसफाई संरचना निर्माण | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | २,९५,००,०००.०० | ०.०० | ० | २,९५,००,०००.०० |
| | ३१५११ भैपरी आउने पूँजीगत | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| | जम्मा | ५७,०८,९४,०१७.०० | १,२२,००,६५४.३९ | २.१३ | ५५,८६,९३,३६२.६१ |

राज खनाल
लेखा अधिकृत

३. **योजना तथा अनुगमन तर्फ :**

- आ.व.२०८२/०८३ मा बिनियोजन भएको आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौता कार्तिक मसान्त सम्म हुनेछ । ठेक्का प्रक्रिया मार्फत हुने आयोजनाहरुको ठेक्का प्रक्रिया भई सम्झौताको चरणमा रहेको छ । वर्षायाम मा बिग्रिएका सडकहरुको मर्मत सम्भार भईसकेको छ ।

४. **सामान्य प्रशासन तर्फ :**

- सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुको सम्पत्ति विवरण भराई सम्बन्धित निकायमा पठाईएको । साथै स्थायी कर्मचारीहरुको का.स.मु. फाराम भराई मुल्याङ्कनको लागि तालुक निकायमा पठाउन तयारी गरिएको ।
- विभिन्न पत्र—पत्रिकाको दर्ता र फाइल प्रणाली व्यवस्थित राखिएको ।
- करार कर्मचारीहरुको करार सेवाको म्याद थप गरी करार सम्झौता गराईएको । साथै कार्यालयमा आवश्यक कर्मचारी भर्ना गरिएको, जस्तै १ जना जनस्वास्थ्य अधिकृत, १ जना मनोसामाजिक परामर्शकर्ता, २ जना रिटर्नी स्वयमसेवक, १ जना स्टाफ नर्स, १ जना हेल्थ असिष्टेन्ट र १ जना अनमी करार सेवामा नियुक्ति गरिएको ।
- कर्मचारीहरुलाई आवश्यकता र औचित्यताका आधारमा जिम्मेवारी बाँडफाड गरिएको ।
- कर्मचारी हाजिरी, बिदा, सरुवा र सेवासम्बन्धी अभिलेख अद्यावधिक भएको ।
- कार्यालयका सम्पत्ति, फर्निचर, उपकरण, गाडी आदि अभिलेख अद्यावधिक राखिएको ।
- विभिन्न निर्णय (सभा तथा कार्यपालिका), आदेश, निर्देशनहरू अभिलेख गरी सम्बन्धित शाखा वा व्यक्तिलाई पठाउने कार्य भएको । साथै गोप्य दस्तावेज सुरक्षित राख्ने कार्य भएको ।
- अन्य शाखासँग सहकार्य गरी कार्यक्रम तथा परियोजना कार्यान्वयनमा सहयोग गरिएको ।
- सरसफाइ, अनुशासन, कार्यालय वातावरण, समयपालन र सेवा प्रवाहमा सुधार ल्याईएको ।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले माग गरेको कार्यसम्पादन सूचक प्रतिवेदन तयारीको कार्य भईरहेको

- प्रशासनिक नीति तथा नियमावली कार्यान्वयनमा सघाईएको ।
- कार्यालय प्रमुखको निर्देशनअनुसार अन्य प्रशासनिक कार्य गरिएको ।
- कार्यालयका सबै सामान, उपकरण, फर्निचर, सवारी साधन, कार्यालय सामग्री आदिको अभिलेख राखि मर्मत आदेश तथा मर्मत सम्पन्न अभिलेख तयार पारिएको ।
- आवश्यक जिन्सी सामाग्रीहरु (खप्ने र नखप्ने) सामान खरिद गरी तत् तत् आवश्यक शाखा, वडा कार्यालय तथा सम्पुर्ण कर्मचारीहरुलाई वितरण गरिएको । साथै अझ आवश्यक जिन्सी मालसामानहरु स्टेस्नरी र सुचना प्रविधिसँग सम्बन्धित सामानहरुको आवश्यकताको लेखा जोखा गरी राष्टिय स्तरको विधुतिय खरिद प्रणाली अपनाई २ वटा (स्टेस्नरी र सुचना प्रविधिसँग सम्बन्धित सामानहरु) विधुतिय माध्यमबाट टेन्डर गरी सम्झौताको प्रकृयामा रहेको ।
- सामान प्राप्त हुँदा रसिद दर्ता, गुणस्तर जाँच र भण्डारणको जिम्मेवारी लिने कार्य भएको ।
- दैनिक, मासिक र वार्षिक रुपमा जिन्सी अभिलेख अद्यावधिक गर्ने कार्य PAMS V2 सफ्टवयर मार्फत भइरहेको ।
- खपत भएका, बिग्रेका वा नचाहिने सामग्रीको विवरण तयार गर्ने कार्य भईरहेको ।
- सामानको मर्मत, सरसफाइ र व्यवस्थापन सुनिश्चित गर्ने कार्य भएको ।
- जिन्सी निरीक्षण, गोप्य स्टक जाँच र लेखाजोखा तयार गर्ने कार्य भईरहेको ।
- अन्य शाखासँग सहकार्य गरी परियोजना वा कार्यक्रम सञ्चालनमा आवश्यक सामग्री उपलब्ध गराउने कार्य भएको ।
- सामान हानी, चोरी वा गुम्ने विषयमा निगरानी गर्ने कार्य भईरहेको ।

**५. रोजगार सेवा केन्द्र तर्फ :**

- आ.व ०८२/०८३ मा स्विकृत भएको ज्याला वापतको रकमको आधारमा सवै वडाबाट आयोजना छनौट सम्पन्न भएको ।
- आ.व ०८२/०८३ मा बैदेशिक रोजगारमा जाने ४ जनाको श्रम स्विकृत गरिएको ।
- बैदेशिक रोजगारीमा जाने ब्यक्ति तथा परिवारलाई सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्शका लागि बिभिन्न सचेतना मूलका कार्यक्रमहरु सन्चालन गर्न, बैदेशिक

रोजगारीबाट फर्केर आएका ब्यक्तिहरलाई पुर्नस्थापनका लागि बिभिन्न कार्यक्रम सन्चालन गर्न र बैदेशिक रोजगारीका कारण तथा अन्य बिभिन्न कारणले समाजमा हुने घटनाहरुका कारण मानसिक समस्या बढदै गईरहेको अवस्थालाई मध्येनजर गर्दै मानोसामाजिक परामर्श सेवा सन्चालनको लागी एक जना मानोसामाजिक परामर्श कर्ता र दुई जना रिटर्नी स्वयंसेवक नियुक्ति गरिएको ।

**६. कृषि तथा पशु पन्छी विकास तर्फ :**

- आ.व २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार औषधि खरिदको लागि टेन्डर भई सम्झौताको चरणमा रहेको ।
- नियमित रुपमा बिभिन्न पशुपन्क्षिहरुको लागि आवश्यकता अनुसारको औषधी वितरण तथा उपचारको काम संचालन भएको ।
- रासायनिक मलको पालिका स्थरमा मूल्य निर्धारणको लागि पालिकाको उपाध्यक्षको अध्यक्षतामा बिक्रेता सहित बैठक बसी मूल्य निर्धारण ।
- कृषि उत्पाबनमा आधारित अनुबान वितरण कार्यविधि,२०८२ तयार गरि कार्यापालिकामा पेश गरेको ।

**७. पंजीकरण तर्फ :**

- आर्थिक वर्ष २०८२/२८३ को प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि सूचिकृत भएका जम्मा संख्या २६५७ जनाको बैंक खातामा शत प्रतिशत भ्यालिड गरी निजहरुको प्रथम त्रैमासिक वापतको सामाजिक सुरक्षा भत्ता रकम रु २७७५६५४२।-( सम्बन्धित लाभग्राहीको व्यक्तिगत बैंक खातामा विद्यूतीय भुक्तानी मार्फत जम्मा गरेको ।

**८. सूचना प्रबिधि तर्फ :**

- गाउँपालिका कार्यालय र मातहतका कार्यालयलाई थप व्यवस्थित र प्रबिधिमैत्री बनाउने उदेश्यका साथ सूचना प्रबिधि बिभागबाट निशुल्क रुपमा उपलब्ध हुने कार्यालय व्यबस्थापन सम्बन्धि पोर्टल र विद्युती हाजिरीको पोर्टल प्राप्त गर्न सबै प्रक्रिया पुरा गरी संचालनको चरणमा रहेको ।

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८२/०७/१४

**९. उद्यम विकास तथा ब्यबसाय दर्ता शाखा तर्फ :**

- यस गाउँपालिका कार्यालयममा दर्ता तथा इजाजत प्राप्त २०० वटा फर्महरुको नबिकरण भएको ।
- १३ वटा घ वर्गको फर्महरुको नबिकरण भएको ।

**१०. शिक्षा तथा सामाजिक विकास तर्फ :**

- शैक्षिक सत्र २०८२ को लागि स्थायी शिक्षकको तलबी प्रतिबेदन राष्ट्रिय किताब खानामा पेश गरिएको ।
- सामुदायिक बिद्यालयमा कार्यरत स्थायी, करार, राहत शिक्षक तथा बिद्यालय कर्मचारीको आ.व. २०८१/०८२ को सम्पत्ति विवरण संकलन गरी राष्ट्रिय सतर्कता केन्द्रको सम्पति विवरण सम्बन्धि पोर्टलमा इन्ट्री भएको ।
- विभिन्न उमेर समूहका बालबालिकाहरुको लागि नियमित खोप कार्यक्रम संचालन भएको ।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

कार्यालय प्रमुखको नाम : दिनेश भट्टराई

पद : प्रमुख प्रशासकीय अधिकृत

ईमेल ठेगाना : info@gokulgangamun.gov.np

सम्पर्क नं. : ९८५४०४३६४०

सूचना अधिकारीको नाम : संजय कुमार सुनुवार

पद : सूचना प्रबिधि अधिकृत

इमेल ठेगाना : ito.gokulgangamun@gmail.com

सम्पर्क नं. : ९८६३०२३०१८

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८२/०७/१४

११. ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सुची :

गोकुलगंगा गाउँपालिकासंग सम्बन्धित संघीय र बागमती प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड परिपालना गरिरहेको छ ।उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुनी प्रबन्धहरुको बिस्तृत दस्ताबेज र सुची गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

१२. तोकिए बमोजिम अन्य विवरणहरु :

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

१३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस गाउँपालिकासंग सम्बन्धित सन्क्षिप्त विवरण एबं सूचनाहरुको जानकारीको लागि गोकुलगंगा गाउँपालिकाको वेबसाइट तथा फेसबुक @gokulgangamun.rasnalu समेत संचालन गरी सूचन प्रकाशन तथा जानकारी गराउने गरेको छ ।

१४. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एबं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :

नेपाल सरकार, बागमती प्रदेश सरकारबाट अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम बैदेशिक सहायता, ऋण, अनुदान एबं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि भए गरेका सोको बिस्तृत विवरण गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिने छ ।

१५. सार्वजनिक निकायको बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

यस गाउँपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्यांक एबं आवश्यक दस्ताबेजहरुको वर्गीकरण गरी त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित ऐन, नियमावली अनुसार सुरक्षित राख्ने गरिएको छ ।

१६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निबेदन र सो उपर सूचना दिएको विवरण :

यस अवधिमा गाउँपालिकामा नियमानुसार सूचना माग सम्बन्धि निबेदन प्राप्त नभएको ।

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :

गोकुलगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८२/०७/१४

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको तथा स्थानीय स्तरको दैनिक पत्र पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमा राखे गरिएको छ ।

सूचना अधिकारी

संजय कुमार सुनुवार

गोकुलगंगा गाउँपालिका, रस्नालु रामेछाप